म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- ९८ २०८२ फागुन १३ गते बुधबार 25 February 2026, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

हेटौँडाः मदन भण्डारी राजमार्ग अन्तर्गत हेटौँडा-सिन्धुली सडकखण्डको बागमती-८, तल्लो भवानीमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । सोमबार राति ८ बजेर ५० मिनेटको समयमा फापरबारीबाट हात्तीसुँडेतर्फ जाँदै गरेको प्र ३-०२-००५ प १००८ नम्बरको मोटरसाइकल सडक छेउको नालामा खसेर दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार दुर्घटनामा परी मोटरसाइकल चालक बकैया गाउँपालिका-८, बस्तीपुर का ४० वर्षीय प्रेमबहादुर गोले गम्भीर घाइते भएका थिए । हेटौँडा अस्पतालमा उपचारको क्रममा सोमबार राति ९ बजेर ५० मिनेटको समयमा प्रेमबहादुरको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# हेटौंडाबाट ७ जना बालश्रमिकको उद्दार



समाज संवाददाता

हेटौँडाः बालश्रमको अनुगमन गर्ने क्रममा हेटौँडाका विभिन्न ग्यारेज तथा वर्कसपबाट ७ जना बालश्रमिकको उद्दार गरिएको छ। श्रम तथा रोजगार कार्यालय मकवानपुर, हेटौँडा उपमहानगरपालिका, वडा प्रहरी कार्यालय र बाल हेल्पलाइन नेपाल (१०९८) को संयुक्त टोलीले हेटौँडा-४ का विभिन्न वर्कसप तथा ग्यारेजमा बालश्रम अनुगमन गरेको हो ।

अनुगमन टोलीले १० वटा वर्कसप तथा ग्यारेजको अनुगमन तथा निरीक्षण गर्दा बालश्रमिक फेला परेपछि उद्दार गरिएको छ । अनुगमन टोलीले शाह मोटरसाइकल डेन्टपेन्ट ग्यारेजबाट १५ वर्षका एक जना बालकलाई उद्दार गरेको छ । यस्तै, न्यू हेटौँडा बाइक सर्भिस ग्यारेजबाट १७ वर्षका २ जना बालकलाई टोलीले उद्दार गरेको जनाएको छ ।

अनुगमनको क्रममा जेके टायर मर्मतबाट १७ वर्षका एक जना बालक र अण्डा बोक्ने बोलेरो गाडीबाट १४ र १५ वर्षका २ जना बालकलाई उद्दार गरिएको छ । न्यू आशिया मेकानिकल वर्कसपबाट १७ वर्षका एक जना बालकसहित ७ जना बालश्रमिकको उद्दार गरिएको हो ।

उद्दार गरिएका बालकहरूलाई बाल हेल्पलाइनको संरक्षणमा पठाइएको छ । उद्दार गरिएका बालकहरू १ जना भारत, २ जना हेटौँडा-१७ का, १ जना झापा, १ जना वीरगञ्ज र २ जना पर्सा जिल्लाका रहेका छन् । अनुगमन टोलीमा श्रम तथा रोजगार कार्यालय हेटौँडाका प्रमुख रुद्रनारायण शाह, कार्यालयका नायब सुब्बा शर्मिला राई, बाल हेल्पलाइन १०९८ का प्रबन्धक एवम् बागमती प्रदेश बालअधिकार समितिका सदस्य झविन्द्र ज्ञवाली, बाल हेल्पलाइनका कार्यक्रम अधिकृत तथा मनोविर्मशकर्ता सम्झना अधिकारी, हेटौँडा उपमहानगरपालिकाको महिला, बालबालिका तथा समावेशीकरण महाशाखा प्रतिनिधि निर्मला दहाल, वडा प्रहरी कार्यालय सानोपोखराका प्रहरी प्रतिनिधिहरुलगायतको सहभागी रहेका थिए ।

बाल हेल्पलाइनबाट बालकहरुलाई आवश्यक परामर्श सेवा र परिवार सम्पर्कमा ल्याएपश्चात् हेल्पलाइनले कानुनी उपचारको लागि बालकहरुलाई श्रम तथा रोजगार कार्यालय हेटौँडामा पठाइने हेल्पलाइनका प्रबन्धक ज्ञवालीले जानकारी दिनुभयो ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा यस किसिमको बालश्रम अनुगमनमार्फत विभिन्न क्षेत्रबाट २२ जना बालक र ३ जना बालिका गरी जम्मा २५ जना बालश्रमिकहरु उद्दार गरिएको हेल्पलाइनले जनाएको छ। बालबालिकालाई बालश्रममा प्रयोग गरेबापत बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ बमोजिम सजाय हुने व्यवस्था रहेको श्रम तथा रोजगार कार्यालयका प्रमुख रुद्र नारायण शाहले बताउनुभयो ।

### हेटौंडाको यातायात कार्यालयमा 'अख्तियारको छापा

# घुससहित अधिकृत र बिचौलिया पक्राउ

हेटौँडाः हेटौँडास्थित यातायात व्यवस्था कार्यालयका एक जना अधिकृत र बिचौलियालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले घुस रकमसहित नियन्त्रणमा लिएको छ । सवारी सरुवा सहमतिको कामका लागि सेवाग्राहीसँग घुस माग गरिरहेको भन्ने विशेष सूचनाका आधारमा खटिएको अख्तियारको टोलीले उनीहरूलाई रङ्गेहात समातेको हो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौँडाबाट खटिएको टोलीले यातायात कार्यालयमा कार्यरत छैटौं तहका अधिकृत अमृत भेटुवाल र बिचौलियाका रूपमा कार्यरत लेखापढी व्यवसायी खगेन्द्र पौडेललाई नियन्त्रणमा लिएको छ । पौडेलले सेवाग्राहीबाट ११ हजार ५ सय रुपैयाँ घुस लिइसकेको अवस्थामा हेटौँडा उपमहानगरपालिका वडा नं. ११ स्थित कार्यालय परिसरबाटै दुबै जनालाई समातिएको अख्तियारले जनाएको छ ।

पक्राउ परेकाहरूको साथबाट तीन थान मोबाइल सेटसमेत बरामद भएको छ । सेवाग्राहीको काम गरिदिने बहानामा रकम लेनदेन भइरहेको उजुरी परेपछि अख्तियारले केही समयदेखि उनीहरूमाथि निगरानी बढाएको थियो । पक्राउ परेका दुबै जनालाई अहिले हिरासतमा राखेर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । (स्रोतः रातोपाटी)

# बाटोबाट लडेर रमेशको मृत्यु

समाज संवाददाता

हेटौँडाः सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका-८, लामोसाँघुमा बाटोबाट लडेर एक जना पुरुषको मृत्यु भएको छ । मृत्यु हुनेमा ३० वर्षीय रमेश तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सोमबार राति ८ बजेर ३० मिनेटको समयमा बाटोबाट १५ फिट तल लडेर उनको घटनास्थलमा नै मृत्यु भएका थियो ।

मुचुल्कापश्चात शव पोष्टमार्टमका लागि बाह्रबिसे नगरपालिका अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि तालिम सुरु

समाज संवाददाता

हेटौँडाः प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा खटिने मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि अभिमुखीकरण तालिम सुरु भएको छ। बागमती प्रदेश निर्वाचन कार्यालयको आयोजनामा मंगलबारदेखि मकवानपुर जिल्लाका मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि एकदिने अभिमुखीकरण तालिम सुरु भएको हो ।

मंगलबार मकवानपुरको कैलाश गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, राक्सिराङ गाउँपालिका, थाहा नगरपालिका र बागमती गाउँपालिका खटिनु हुने २ सय ६६ जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई तालिम प्रदान गरिएको छ। यसैगरी, आज बुधबार भीमफेदी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, बकैया गाउँपालिका र मनहरी गाउँपालिकामा खटिनुहुने २ सय ३४ जनालाई तालिम प्रदान गरिनेछ ।

हेटौँडा उपमहानगरपालिकामा खटिने र अन्य गरी २ सय ६८ जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई बिहीबार तालिम दिइनेछ । निर्वाचनमा कर्मचारिहरुको भूमिका र मतदान स्थलमा गरिनु पर्ने व्यवहारको बारेमा तालिममा सिकाइनेछ । जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु सहित स्रोत व्यक्तिहरुले तालिम प्रदान गर्दैछन् ।

# निर्वाचन रिपोर्टिङ र आचारसंहिताबारे अभिमुखीकरण

समाज संवाददाता

हेटौँडाः निर्वाचन रिपोर्टिङ र आचारसंहितासम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मंगलबार नेपाल पत्रकार महासंघले मकवानपुरका पत्रकारहरुका लागि एकदिने अभिमुखीकरण कार्यक्रम गरेको हो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरको सभाध्यक्षतामा भएको कार्यक्रममा पत्रकारको व्यावसायिक मर्यादा, निर्वाचनका बेला सञ्चारकर्मीले खेल्नुपर्ने भूमिका र सामाजिक दायित्वबारे छलफल र अन्तरक्रिया भएको थियो । कार्यक्रममा प्रमुख अतिथि नेपाल पत्रकार महासंघकी केन्द्रीय उपाध्यक्ष नितु पण्डितले निर्वाचन रिपोर्टिङ र पत्रकार आचारसंहिताबारे प्रस्तुतिकरण दिनुभयो । उहाँले वर्तमान समयमा पत्रकारमाथि धाकधम्कीका घटना बढिरहेकोले प्रेस स्वतन्त्रतामा चुनौती थपिएको बताउनुभयो ।

कार्यक्रममा मकवानपुरका मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठले निर्वाचनको निष्पक्षतामा असर पर्ने गरी कुनै पनि प्रकारका मत सर्वेक्षण नगर्न सञ्चारकर्मीहरूलाई अनुरोध गर्नुभयो । उहाँले मकवानपुर प्रतिनिधिसभा सदस्य क्षेत्र नम्बर १ का २३ उम्मेदवारमध्ये ९ जना र क्षेत्र नम्बर २ का २१ उम्मेदवार मध्ये १७ जनाले मात्रै हालसम्म सवारी पास लिएको जानकारी दिनुभयो। बागमती प्रदेश निर्वाचन प्रमुख हरिप्रसाद ढकालले निर्वाचन तयारीका बारेमा जानकारी दिँदै मतदान स्थलको निर्धारण, जनशक्ति व्यवस्थापन र अनुगमनका कामहरू सम्पन्न भइसकेको बताउनुभयो । दुर्गम क्षेत्रको तुलनामा बजार क्षेत्रमा मत बदर हुने संख्या बढी देखिएको उहाँले बताउनुभयो ।

प्रदेश निर्वाचन प्रमुख ढकालका अनुसार मकवानपुरका लागि हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा मतगणना केन्द्र राख्ने निर्णय भएको छ । बागमती प्रदेशको निर्वाचन तथ्याङ्क प्रस्तुत गर्दै ढकालले प्रदेशका ३३ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा कुल ७ सय ३१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको जानकारी दिनुभयो । प्रदेशमा कुल ३६ लाख ८२ हजार ३ सय १० जना मतदाता रहेका छन् भने निर्वाचनका लागि ४ हजार ३ सय ४१ वटा मतदान केन्द्र तोकिएको छ । आचारसंहिता पालनाको विषयमा मकवानपुरको अवस्था सन्तोषजनक रहेको उहाँको भनाइ छ ।

# चुनावमा तीन दिन बिदा दिने सरकारको निर्णय

काठमाडौँः सरकारले चुनावमा तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले फागुन २० गतेदबाट तीन दिन बिदा दिने निर्णय गरेको सरकार प्रवक्ता एवम् गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिनुभयो ।

यसअघि आइतबार निर्वाचन आयोगले चुनावमा तीन दिन बिदा दिन सरकारलाई सिफारिस गरेको थियो । आयोगले फागुन २०, २१ र २२ गते बिदा दिन सरकारलाई सिफारिस गरेको थियो । प्रतिनिधि सभा निर्वाचन अन्तर्गत फागुन २१ गते मतदान हुनेछ। सरकारले तीन दिन बिदा दिएसँगै निर्वाचनको बेलामा एक सातासम्म बिदा हुने भएको छ । यसपालि फागुन १८ गते पहाडमा र १९ गते तराईमा होली परेको छ। २३ गते शनिबार र २४ गते आइतबार अन्तर्राष्ट्रिय महिला दिवसको दिन सार्वजनिक बिदा र हेको छ। *(स्रोतः सेतोपाटी)*



## सम्पादकीय

# दुर्घटना न्यूनीकरण गरौँ

रामेछापको मन्थली-६, बेनिघाट पुलनजिक बस दुर्घटना भएर १२ जनाले ज्यान गुमाएको दुई साता नहुँदै धादिङको बेनिघाट रोराङ-७, चरौंदी नजिकै सोमबार बिहान भएको बस दुर्घटनाले मुलुकको सडक सुरक्षाप्रति गम्भीर चासो पैदा भएको छ । रामेछापको बस दुर्घटनाको केही दिन अघिमात्र बैतडीमा जन्ती बाकेको बस दुर्घटना भएर १३ जनाको ज्यान गएको थियो । धादिङमा भएको बस दुर्घटनामा ३ विदेशी नागरिकसहित १९ जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई दर्जनभन्दा बढी घाइते भएका छन् । पोखराबाट काठमाडौं जाँदै गरेको बस मध्यरातमा पृथ्वी राजमार्गबाट त्रिशूली नदी किनारमा खसेर दुर्घटना भएको थियो । धादिङमा भएको बस दुर्घटनाको छानविन गर्न गृह मन्त्रालयले सहसचिवको संयोजकत्वमा ५ सदस्यीय कार्यदल गठन गरेको छ ।

यी घटना मुलुकको सवारी दुर्घटनाको दृष्टान्तमात्र हो । मानवीय क्षति बढी भएका कारण यी दुर्घटनाप्रति केही चासो व्यक्त गरिए पनि देशका विभिन्न भागमा यस्ता दुर्घटना छिनछिनमै हुने गरेका छन् । सवारी दुर्घटनाकै कारण दैनिक १० जनाभन्दा बढीले ज्यान गुमाउने गरेका छन् भने सयौं घाइते भइरहेका छन् । सवारी दुर्घटनाका कारण दिनहुँ धेरै नागरिकको ज्यान गइरहेको भए पनि राज्यका संयन्त्र र सरोकारवालाको चासो कम हुने गरेको पाइन्छ । धेरै व्यक्तिको ज्यान जाने गरी भएका दुर्घटनाप्रति क्षणिक चिन्ता र चासो व्यक्त गरिए पनि मानवीय क्षति कम भएका अधिकांश सवारी दुर्घटनामा खासै ध्यान दिइँदैन ।

दुर्घटना त्यतिकै हुँदैन । प्रत्येक दुर्घटनाका पछाडि कुनै न कुनै कारण अवश्य हुन्छ । धेरैजसो सवारी साधन दुर्घटनामा चालकको असावधानी तथा लापरबाही देखिने गरिए पनि दुर्घटनाका अन्य थुप्रै कारण हुन्छन् । सवारी दुर्घटना न्यूनीकरणप्रति राज्यको चासो, चिन्ता र गम्भीरता निकै कम पाइने गरेको छ । सवारी साधनको निर्वाध आयात र सञ्चालन अनुमति दिने गरेको सरकारले सवारी साधनको व्यवस्थापनमा भने पर्याप्त ध्यान दिन सकेको छैन । सवारी साधन दुर्घटनाबाट ठूलो क्षति भएको अवस्थामा सरकारले छानविन समिति वा कार्यदल गठन गर्ने गरे पनि कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयनमा भने सरकार उदासिन बन्ने गरेको छ ।


सार्वजनिक यातायातको अव्यवस्थापन र जोखिमपूर्ण अवस्था अन्त्य गर्न पटक-पटक अध्ययन, अनुसन्धान भएर थुप्रै प्रतिवेदन तयार भएका छन् । कतिपय दुर्घटनाको कारण पहिचान गरी समस्या समाधान गर्नकै लागि बनाइने कार्यदलहरुले पनि सरकारलाई प्रतिवेदन बुझाएका हुन्छन् । जति नै छानविन, अध्ययन गरे पनि, जति ठूलो प्रतिवेदन तयार भए पनि, जति नै बैठक र विमर्श गरे पनि हाम्रो सार्वजनिक यातायात अत्यन्तै अव्यवस्थित, लापरबाह र जोखिमपूर्ण रहेको तीतो यथार्थ हो । सरकारलाई बुझाइएका प्रतिवेदन सार्वजनिक समेत नगरी दराजमा थन्क्याएर राख्ने परिपाटी रहँदासम्म दुर्घटना न्यूनीकरण सम्भव हुँदैन ।

सवारी दुर्घटनाको कारण खोजी गरेर भविष्यमा दुर्घटना हुन नदिनु सबैभन्दा महत्वपूर्ण कुरा हो । मानवीय क्षतिका हिसाबले दुर्घटना सानो होस् वा ठूलो, त्यसको कारण पहिचान गरी न्यूनीकरणमा लाग्नु राज्य र सबै सरोकारवालाको दायित्व हो । सवारी दुर्घटना बढ्यो, सार्वजनिक यातायातको अवस्था नाजुक भयो भनेर चिन्ता गरेरमात्रै पनि हुँदैन । सवारी व्यवस्थापन प्रभावकारी बनाउँदै दुर्घटना न्यूनीकरण गर्न सरकारर सरोकारवाला सबै कटिबद्ध हुनुपर्छ । दुर्घटना एउटा दुःखद् संयोग हो । कसैले पनि जानीजानी दुर्घटना होस् भन्ने चाहँदैन । दुर्घटनाको जोखिम न्यूनीकरण गर्न पूर्वसावधानीचाहिँ अपनाउन सकिन्छ । सडकमा हुने साना-ठूला सबै प्रकारका दुर्घटनालाई गम्भीररुपमा लिएर यसको कारण खोजी गरी न्यूनीकरणका लागि ध्यान दिनु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक एवम् सामाजिक काममा मन जाने समय छ ।
**वृष** : समस्यामूलक कामहरु समस्या हल हुने समय छ ।
**मिथुन** : विवादका विषयमा अगाडि नबढेकै राम्रो रहन्छ ।
**कर्कट** : अध्ययन–अध्यापनका काममा मन जाने समय छ ।
**सिंह** : आन्तरिक व्यवस्थापनका काममा ध्यान दिनुपर्ला ।
**कन्या** : भेटघाट र गुनासोमा समय व्यतित हुने योग छ ।
**तुला** : पढाइ–लेखाइका कामबाट त्यति लाभ नहोला ।
**वृश्चिक** : रोजगारीको सुनौलो अवसर आइपर्ने समय छ ।
**धनु** : धार्मिक एवम् पढाइ–लेखाइमा मन जाने समय छ ।
**मकर** : लेखाइ–पढाइका काममा मन जाने समय छ ।
**कुम्भ** : बोल्दा एवम् काम गर्दा विशेष विचारणीय समय छ ।
**मीन** : विलासिताका सामाग्री खरिदमा मन जाला ।

# मत माग्दै उम्मेदवार र मतदाताको बीचमा घुसेको ‘विकास’

✍शिवराज खड्का

फागुन २१ नजिकिँदै गर्दा चुनावी माहोल तात्दै गएको छ । टोल-टोलमा झन्डा फहराइरहेका छन् । कार्यकर्ताको लर्कोका बीच उम्मेदवार बस्तीबस्ती पुग्ने प्रयास गरिरहेका छन् । सामाजिक सञ्जालमा उम्मेदवारका भिडियो र सन्देशको त बाढी नै आएको छ। सतहमा हेर्दा यो लोकतन्त्रको उत्सवजस्तो देखिन्छ । तर, सतहमुनि एउटा गम्भीर प्रश्न उठिरहेको छ– के हाम्रो निर्वाचन प्रक्रिया विचार र नीतिको प्रतिस्पर्धा हो, कि मत र आश्वासनबीचको अनौपचारिक लेनदेन ? आजको चुनावी अभ्यासलाई गहिरो रूपमा विश्लेषण गर्दा स्पष्ट हुन्छ– उम्मेदवार र मतदाताबीचको सम्बन्ध क्रमशः नीतिगत विश्वासभन्दा पनि स्वार्थ र अपेक्षाको अदृश्य साटासाटमा बदलिँदै गएको छ ।



यही साटासाटको मानसिकता नै भ्रष्टाचारको पहिलो पाइला हो । भ्रष्टाचार केवल पैसा हिनामिना गर्नु मात्र होइन । असम्भव र अधिकार क्षेत्रबाहिरका वाचा गरेर मत लिने प्रवृत्ति पनि राजनीतिक बेइमानी हो । यतिबेला कुनै न कुनै रूपमा उम्मेदवारका चटक, आश्वासन र अभिनय झन्-झन् बढ्दै गएका छन् । राजनीतिमा देखिएको ‘चटके र विकासे’ दुई प्रवृत्ति निर्वाचनसँगै फेरि दोहोरिँदै छ । मत माग्दा गोठको भकारो सोर्ने, डोको बुन्ने, खुट्टा ढोग्ने, उखु बोक्ने, दुःखमा रुँदै अँगालो हाल्ने दृश्य सामाजिक सञ्जालमा भाइरल छन् ।

तर प्रश्न के हो भने, यो सहानुभूति हो कि सुनियोजित अभिनय ? चुनाव आउँदा जनतासँग घुलमिल हुने र चुनाव जितेपछि पाँच वर्षसम्म बेपत्ता हुने प्रवृत्ति नौलो होइन । यसपालि सामाजिक सञ्जालका कारण चटकहरु अझ दृश्यात्मक बनेका छन् । एजेन्डा, नीति र दृष्टिकोणभन्दा ‘रोड शो’ र लोकप्रियताको प्रतिस्पर्धा अगाडि देखिन्छ । कतिपय पुराना नेताको आलोचना गर्दै आएका नयाँ अनुहार पनि उही शैलीमा मतदातालाई फकाउने दौडमा छन् ।

अर्कातर्फ छन्, आश्वासन बाँड्ने विकासे उम्मेदवार । उनीहरू शिक्षा, स्वास्थ्य, बाटो, पुल, रोजगारी, उद्योग सबै बनाइदिने वाचा गर्दै घरदैलो गरिरहेका छन् । तर प्रतिनिधिसभा सदस्यको मूल काम विकास निर्माण गर्नु होइन, नीति र कानुन बनाउनु हो । सरकार गठन, बजेट पारित, कानुन निर्माण, सरकारको निगरानी र उत्तरदायित्व सुनिश्चित गर्नु नै संसद्को प्राथमिक दायित्व हो भनेर मतदातासामु स्पष्ट भन्न सक्दैनन् । बरु उल्टै आफ्नै हैसियतभन्दा बाहिरका आश्वासन बाँडिरहेका छन् । यहीँबाट भ्रष्टाचारको गन्ध सुरु हुन्छ– मतको बदलामा विकासे आश्वासन ।

### जिम्मेवारीबाहिरको आश्वासन : भ्रष्टाचारको बीउ

चुनाव आउँदा उम्मेदवारहरु जनतासँग ‘घुलमिल’ हुने होडमा लाग्छन् । कोही गोठमा भकारो सोर्छन्, कोही खेतमा हलो जोत्छन् । यो प्रवृत्ति नयाँ होइन । तर अहिले डिजिटल प्रविधिका कारण यसले नाटकीय रूप लिएको छ । उम्मेदवारका एजेन्डा, नीति र दृष्टिकोणभन्दा बढी ‘भाइरल हुन सक्ने’ दृश्यको खोजी हुन्छ । राजनीति गम्भीर बौद्धिक अभ्यासभन्दा बढी दृश्यात्मक प्रतिस्पर्धामा बदलिँदै गएको छ ।

यसले दुईवटा समस्या जन्माएको छ । पहिलो, राजनीति विचारहीन बन्दै गएको छ । दोस्रो, मतदाता पनि नीतिगत बहसभन्दा मनोरञ्जनतर्फ आकर्षित हुन थालेका छन् । भावनालाई छोएर मत लिने अभ्यास अल्पकालीन रूपमा सफल हुन सक्छ, तर दीर्घकालीन रूपमा लोकतन्त्र कमजोर बनाउँछ । किनकि लोकतन्त्र भावनाको होइन, विवेक र उत्तर दायित्वको संरचना हो । विकासे आश्वासन पनि अधिकार क्षेत्रबाहिरको वाचा हो । चुनावी भाषणमा प्रायः सुनिन्छ, ‘म जितेपछि बाटो कालोपत्रे गरिदिन्छु, पुल बनाइदिन्छु, रोजगारी सिर्जना गरिदिन्छु, भ्यु टावर बनाइदिन्छु ।’ तर प्रतिनिधिसभा सदस्यको मुख्य काम के हो ?

संविधानले संघ, प्रदेश र स्थानीय तहको स्पष्ट कार्यविभाजन गरेको छ । स्थानीय पूर्वाधार निर्माणको मुख्य जिम्मा स्थानीय तहको हो । संघीय सांसदको भूमिका परामर्श, नीति निर्माण र निगरानीमा केन्द्रित हुन्छ । तर व्यवहारमा के देखिन्छ ? सांसदहरूले अर्थमन्त्रीमाथि दबाब दिएर आफ्नै क्षेत्रमा बजेट विनियोजन गराउन खोज्छन् । योजनामा प्रत्यक्ष हस्तक्षेप गर्ने र ‘सांसद विकास कोष’ जस्ता कार्यक्रममार्फत रकम वितरणमा संलग्न हुने प्रवृत्तिमा नदेखिएका होइनन् । विकासको नाममा बजेट लिएर दुरुपयोग गर्ने, कार्यकर्तामार्फत बाँडफाँड गर्ने, ठेक्का र योजनामा प्रभाव पार्नेजस्ता अभ्यासले संसद्को गरिमा कमजोर बनाएको छ ।

सरकारको निगरानी गर्ने सांसद नै विकास बजेटको प्रत्यक्ष खेलमा लागेपछि निगरानी कसले गर्ने ? यहीँबाट उम्मेदवार र मतदाताबीच स्वार्थको लेनदेन सुरु हुन्छ । यहीँबाट उम्मेदवार र मतदाताबीचको अनौपचारिक सम्झौता जन्मिन्छ, ‘हामी तपाईंलाई मत दिन्छौँ, तपाईं हाम्रो क्षेत्रमा पैसा ल्याइदिनुहोस् ।’ यो व्यवहार कानुनी रूपमा सधैं अपराध नदेखिए पनि राजनीतिक नैतिकताको दृष्टिले भ्रष्टाचारको बीउ हो । किनकि यसले संसद्को मूल भूमिका विस्थापित गर्छ र नीति निर्माणलाई ओझेलमा पार्छ। इतिहास साक्षी छ, सांसद विकास कोषमार्फत करोडौं रुपैयाँ वितरण भएको छ ।

कतिपय अवस्थामा रकम दुरुपयोग, कार्यकर्तामार्फत बाँडफाँड, योजनामा अनियमितता देखिएका छन् । अदालतले रोक लगाएपछि पनि फरक नाममा बजेट समावेश गराउने प्रयास भएका छन् । सांसदले आफ्नो क्षेत्रमा बजेट ल्याउन दबाब दिनु राजनीतिक रूपमा लोकप्रिय हुन सक्छ, तर यसले संरचनागत समस्या निम्त्याउँछ । सरकारको निगरानी गर्ने सांसद नै बजेटको प्रत्यक्ष खेलाडी बनेपछि शक्ति सन्तुलन बिग्रन्छ। लोकतन्त्रमा शक्ति पृथकीकरण आवश्यक हुन्छ । विधायिका, कार्यपालिका र न्यायपालिका आ-आफ्नो सीमाभित्र रहनुपर्छ । तर, जब विधायिका नै कार्यपालिकाको भूमिकामा प्रवेश गर्छ, तब उत्तरदायित्व कमजोर हुन्छ ।

भ्रष्टाचार सधैं ठूलो रकमको घोटाला मात्र होइन । मतको बदलामा व्यक्तिगत फाइदा खोज्नु पनि भ्रष्टाचार हो । मतको बदलामा व्यक्तिगत सिफारिस, मतको बदलामा ठेक्का, मतको बदलामा सानो आर्थिक सहयोग, मतको बदलामा बजेट विनियोजन, यी सबै साना सम्झौताहरू मिलेर ठूलो संरचनागत भ्रष्टाचार बन्छन् । उम्मेदवारले भन्छ– जितेपछि तपाईंको छोरालाई जागिर लगाइदिन्छु । मतदाता भन्छ– हामी तपाईंलाई भोट हाल्छौं, हाम्रो टोलको सडक बनाइदिनुहोस् ।

यही अदृश्य सम्झौता लोकतन्त्रको आत्मामा लागेको भ्रष्टाचारको सुरुवाती घाउ हो । जुन पछि गएर भ्रष्टाचारको ठूलो क्यान्सर बनेर फैलिन्छ र अहिले भएको पनि त्यही हो । त्यही समस्याको उपजमा जेनजी विद्रोह भयो तर फेरि पनि त्यही प्रवृत्ति दोहोरिरहेको छ। सुशासनको कुरामा अब पनि खासै परिवर्तन देखिने छाँटकाँट छैन । अब यसको सुरुवात मतदाताबाटै हुनुपर्छ। उम्मेदवारलाई प्रश्न गर्न सक्नुपर्छ । साना कुरामा मतदाताले पनि लोभिने होइन, खबरदारी गर्ने हो ।

### अन्तर्राष्ट्रिय अभ्यास

परिपक्व लोकतन्त्र भएका युरोपेली देशहरूमा उम्मेदवारको व्यक्तिगत क्षमता, योग्यता, नीतिगत स्पष्टता र दलीय कार्यक्रम मुख्य आधार बन्छ । भुइँफुट्टा आश्वासन बिक्री हुँदैन । नेपालमा भने पार्टीको नाममा जस्तोसुकै व्यक्तिलाई उम्मेदवार बनाउने र मतदाताले पनि विचारभन्दा चटक रोज्ने प्रवृत्ति बलियो छ । संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनको सफलताका लागि नागरिकस्तरमा संसद्को भूमिकाबारे स्पष्ट बुझाइ आवश्यक छ। जबसम्म मतदाताले सांसदको वास्तविक दायित्व बुझ्दैनन्, तबसम्म उम्मेदवारले झूटा सपना बेच्ने क्रम रोकिन्न । संसद्को भूमिकाबारे नागरिकमा स्पष्टता आयो भने झूटा सपना बेच्ने बजार स्वतः खुम्चिन्छ ।

### अब तमासा होइन, उत्तरदायित्व

राजनीति जनताको व्यवस्थापन हो । त्यसका लागि स्पष्ट विचार, उद्देश्य र दीर्घकालीन भिजन आवश्यक छ । मतको बदलामा विकासे आश्वासन साट्नु भ्रष्टाचारको प्रारम्भिक रूप हो । सांसदले गर्न सक्ने कुरा स्पष्ट भन्नुपर्छ, ‘म नीति निर्माण गर्छु, कानुन सुधार्छु, सरकारलाई जवाफदेही बनाउँछु ।’ मतदाताले पनि चटक होइन, दृष्टिकोण खोज्नुपर्छ। संसद् कानुन निर्माणको थलो हो, विकास वितरणको गोदाम होइन। जब उम्मेदवार र मतदाता दुवैले आ-आफ्नो भूमिका स्पष्ट बुझ्छन्, तब मात्रै लोकतन्त्रको मर्म जोगिन्छ । अन्यथा, उम्मेदवार र मतदाताबीच घुसेको भ्रष्टाचारले प्रणालीलाई नै खोक्रो बनाइरहनेछ ।

यसर्थ, यसको समाधानका लागि नागरिक शिक्षामा जोड दिइनुपर्छ। संसद्को भूमिका, कार्यक्षेत्र र सीमाबारे विद्यालयदेखि नै शिक्षा दिनुपर्छ । उम्मेदवारको स्पष्ट घोषणापत्रसहित ‘म के गर्न सक्छु र के गर्न सक्दिनँ’ भन्ने स्पष्ट प्रतिबद्धता हुनुपर्छ । राजनीतिक दलको आन्तरिक सुधारका लागि योग्यता, क्षमता र नैतिकताको आधारमा उम्मेदवार चयन हुनुपर्छ। अनि मतदाताको चेतनामा पनि सुधार हुन जरुरी छ । चटक होइन, दृष्टिकोण रोज्ने संस्कार विकास गर्नुपर्छ। राजनीति जनताको व्यवस्थापन हो। यसका लागि स्पष्ट विचार, दीर्घकालीन लक्ष्य र उत्तरदायित्व आवश्यक हुन्छ । मतको बदलामा विकासे आश्वासन साट्नु नै भ्रष्टाचारको प्रारम्भिक रूप हो ।

उम्मेदवारले स्पष्ट भन्न सक्नुपर्छ– ‘मेरो काम नीति निर्माण र सरकारको निगरानी हो ।’ मतदाताले पनि प्रश्न गर्नुपर्छ– ‘तपाईंले कस्तो कानुन बनाउनुहुन्छ ? राष्ट्रिय अर्थतन्त्रबारे तपाईंको दृष्टिकोण के हो ? शिक्षा र स्वास्थ्य नीतिमा तपाईंको योजना के हो ?’ जब उम्मेदवार र मतदाता दुवैले आ-आफ्नो सीमा बुझ्छन्, तब लोकतन्त्र बलियो हुन्छ । अन्यथा उम्मेदवार र मतदाताबीच घुसेको भ्रष्टाचारले संसद्लाई विकास वितरणको अखडामा बदलिरहनेछ। लोकतन्त्रको साँचो उत्सव भनेको सचेत मत, जिम्मेवार उम्मेदवार र पारदर्शी शासन हो। फागुन २१ केवल मतदानको दिन होइन, यो हाम्रो राजनीतिक संस्कृतिको पनि परीक्षा हो । *(स्रोतः कारोबारदैनिक)*

# संगीतले गर्छ मनोरञ्जनसँगै औषधिको पनि काम

उमेर बढ्दै जाँदा शरीरमा अनेकन् समस्या देखिन्छन् । विभिन्न रोग लाग्न थाल्छ । एक्लोपनदेखि नसोचेको रोग बुढ्यौलीमा लाग्नु सामान्य जस्तै हुन्छ । तर, यी सबलाई भुलाउने, मन शान्त पार्ने एउटा कुरा छ- संगीत ।

हो, संगीत सधैं मनोरञ्जनका लागि मात्र हुँदैन । होहल्ला र नाचगान गर्नका लागि मात्र हुँदैन । यसले तन रमनका लागि एउटा औषधिका रूपमा पनि काम गर्छ । ओरेगन विश्वविद्यालयका प्रोफेसर र एभ्री ब्रेन निड्स म्युजिकका लेखक ल्यारी शर्मनका अनुसार जीवनभर संगीत सिक्ने वा गाउने गर्दा हाम्रो दिमागका कोषिकाहरू बलियो हुन्छन् । यसले बुढेसकालमा लाग्ने बिर्सने रोगहरूलाई ढिलो बनाउन वा रोक्न मद्दत गर्छ । अनुसन्धानले पनि यही कुरा भन्छ ।

संगीतमा रमाउनाले उमेरसँगै लाग्ने रोगहरूको जोखिम कम हुन्छ नै, सँगै रोग लागिसकेका बिरामीहरूका लागि पनि यो एउटा बलियो सहारा बन्छ । गीत गाउँदा पार्किन्सनका बिरामीहरूको स्वरमा प्रस्टता आउँछ। उनीहरूको दैनिक जीवन सहज हुन्छ ।

त्यस्तै अरू संगीत सम्बन्धी अभ्यासले उनीहरूलाई हिँडडुल गर्न पनि सजिलो बनाउँछ । अझ क्याथीले बिर्सने रोग (डिमेन्सिया) लागेकाहरूका लागि संगीतले सम्झने शक्ति, मान्छेको अनुहार पहिचान र पुराना सम्झनाहरूको याद गर्ने क्षमतामा सुधार ल्याउँछ ।

### संगीतले हाम्रो दिमागलाई कसरी मद्दत गर्छ ?

संगीतले कसरी काम गर्छ भन्ने कुरा सबैमा एउटै नहुन सक्छ। डिमेन्सिया भएकाहरूका लागि संगीतले सोच्ने र सम्झने शक्ति बढाउँछ। हाम्रो दिमागमा संगीत सम्झिने भाग यति बलियो हुन्छ कि अल्जाइमर जस्तो कडा रोगले पनि त्यसलाई सजिलै मेटाउन सक्दैन ।

पार्किन्सनमा संगीतले शरीरको चाल र स्वर सुधार्न मद्दत गर्छ। तर दिमागको अवस्था धेरै बिग्रनुअघि नै यस्तो उपचार सुरु गर्नु राम्रो हुन्छ। कुनै रोग नलागेका स्वस्थ मानिसहरूका लागि पनि संगीत

# म एक नारी बलत्कारी चिनारी



✍ईशान्त दुलाल

म एक नारी
बाच्ने गर्दै मेरो चिनारी
मात्र नारी दिवसको दिन मन भरी

म एक नारी
३९ औं कमल मैं फूलेको थिए
सल्यान बजार पारी
मनको सपना साकार पार्ने
रंगिदै थिए,
भावनाका साथ कोइलीको बोली झै उड्दै थिए
फूरू फुरु गरी
तर
एक दिन आदीं झै उडी आएको थियो ऊ,
वर्षा मैं गरी बगाएर लगेथ्यो अस्तित्व मेरो

ऊ कुनै पराई होइन मेरो रक्षाका निम्ति
सपथ, खोकी हत्केला लिइ हिडेको बेग हो
तर
ति हावाहरुले नै मेरो पछि पंछी झै
हावामा उड्ने सपना चिथोरेर
मेरो आत्मालाई शताब्दीको चोट पुऱ्याइदिए

तर
तर
मेरो रगत निर्मला झै अस्ताउने छैन,
लाज शरमको पात्र हैन
संघर्षको रङ हो
अस्त्र सहित वस्त्रको प्रतिरोध हो
अब म पिडित हैन
म न्यायको माग हूँ
आगोको ज्वाला हूँ
म एउटी हैन
हजारौं आवाजको आगो हुँ
हजारौं आवाजको आगो हुँ

म एक नारी अब अर्को
बलत्कारी चिनारीको कथा लेख्नु नपरोस
भन्ने अन्तिम क्रान्तिको वाक्य हुँ ।

*दिव्य कलेज, काठमाडौं*

# चुनावपछि सहरमा



✍प्रिज्मा शिवाकोटी

जब हातमा कलम औजार आउँछ
सत्ताको खेल फेरी बारम्बार आउँछ ॥

अन्यायले जब सीमा नाघ्छ
अन्याय विरुद्धको सरकार आउँछ ॥

परिवर्तनका सपना बेच्दै
समाचारमा फेरी भ्रष्टाचार आउँछ ॥

नजर जुधाउँदा जनतासँग
आफ्नै प्रतिबिम्बमा प्रहार आउँछ ॥

अशिक्षा भोक हटाउने भन्दै
मञ्चमाथि फेरी कलाकार आउँछ ॥

परिवर्तनको बीउ छर्छु भन्दै
मतपत्रमा उही उम्मेदवार आउँछ ॥

हुन्छ के भोलि कसलाई थाहा
चुनावपछि शहरमा हाहाकार आउँछ ॥

*कक्षा-१२, त्रिभुवन मावि, हेटौंडा-११*

# संघर्षको बाटो

## (आलोकको सपना)



✍सुमन राय

सानैदेखि आँखाभरि उज्यालो थियो,
आलोकको मनमा एउटै सपना थियो,
सेतो कोट लगाएर सेवा गर्ने,
एमबीबीएस पढेर डाक्टर बन्ने ।

गरिब घरको छानो चुहिन्थ्यो वर्षामा,
आमाको हात चिरिन्थ्यो कामको पसिनामा,
बुबाको निधारमा चिन्ताको रेखा,
तर छोराको सपनामा कहिल्यै थिएन लेखा ।

पुस्तकको पानामा ऊ भविष्य खोज्थ्यो,
अन्धकारबीच उज्यालो रोज्थ्यो,
तर गरिबीले बाटो छेकिदियो,
सपनाको पखेटा अलिकति भाँचिदियो ।

भर्ना फाराम हातमा समाएर,
आँखाभरि आँसु दबाएर,
उसले बुझ्यो !

घरको अवस्था कमजोर थियो,
ऋणको बोझ भारी थियो,
त्यसैले मन रोए पनि,
उसले म्यानेजमेन्ट रोज्नुपऱ्यो त्यहीं ।

सपना बलियो,
तर हिम्मत होइन,
मार्ग फेरियो,
तर लक्ष्य होइन,
आलोकले सोच्यो,
'डाक्टर नभए पनि मान्छे त बन्नै सक्छु नि ।'

संघर्षको बाटो सजिलो कहाँ हुन्छ र ?
हरेक पाइला काँडाले भरिएको हुन्छ,
तर पसिनाको गन्धमा पनि,
भविष्यको सुगन्ध लुकेको हुन्छ ।

आज ऊ म्यानेजमेन्ट पढ्दै छ,
आफ्नो भाग्य आफैं कोर्दै छ,
गरिबीले सपनाको रूप फेरिदियो,
तर उसको साहस कहिल्यै मरेन ।

संघर्ष नै उसको शक्ति बन्यो,
असफलता नै प्रेरणा बन्यो,
आलोकको कथा यही भन्छ,
सपना टुटे पनि हिम्मत नटुटोस् ।

*कक्षा-११ (विज्ञान संकाय),*
*मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# मेरो विद्यालय



✍सिफरा लामिछाने

हरियाली वातावरण सुन्दर हाम्रो विद्यालय
यही सिक्न आउँछु सधैंभरी ज्ञान ॥

स्वच्छ हावा स्वच्छ वातावरण
यहीमा छ प्यारो प्यारो सर मीस

मेरो विद्यालयको नाम श्री कमला आधारभूत विद्यालय
यसको प्रधानाध्यापकको नाम गोविन्द उप्रेती ॥

चारैतिर सी.सी. क्यामरा छ
यसमा नजर राख्ने हामी सबैलाई ॥

चारैतिर हरियाली फूल
यसमा रोप्ने हामी सबै मिलेर ॥

कक्षा कक्षामा घडीहरु
हामी हेर्छौं कति बजियो भनेर ॥

*कक्षा-३, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# "My class 11 Journey"



✍Aasha karki

In the initial days of class Eleven
I carried fear inside my chest,
Thinking, "can I really be a teacher?'
When teaching wasn't even my dream
Just a path I chose with hope,
To reach the education World I Wanted to build.

But then there was my principal,
A light when I was confused,
A voice that guided me kindly,
A hand that showed me the right direction,
With out his counseling,
I Wouldn't be standing here today,
So my heart says-
Thank you, sir, for believing first.

Now, education feels like my own journey,
Not just a subject in a classroom,
But a life I'm learning through experience,
More practical than theory,
More courage than comfort.

In Grade Eleven, I stepped Forward,
Into pre- primary classes,
Into training halls.
Into conferences full of new faces,
Meeting people from different districts,
Learning from every conversation.

I became more than a student,
I became a Volunteer,
A Supervisor,
A helper,
A supporter of young writers,
Who Wrote poems, stories, and articles
With shining eyes and brave hearts.

Navodaya Shisu sadan,
And many more places,
Each one gave me lessons,
That no textbook could teach.

And just yesterday,
Two days away in parsa,
For Parental educations,n
I Stood with my team,
And heard good Feedback,
That made me smile deep inside.

I started this Journey nervous,
Unsure of myself,
But today I walk Stronger,
Not because everything is easy,
But because I hever stopped trying.

This is my class Eleven ongoing Story,
A Story of growth,
A Story of learning,
A Story of becoming not just a teacher,
But a person who wants to change education with heart,
hope and hard work.

*Hetauda School of management, Hetauda-4*

# मेरो विद्यालय



✍आगमन अधिकारी

सफा सुन्दर हरियाली कति राम्रो ठाउँ
यही हाम्रो पहिचान दोभानचौर गाउँ ॥

पढी लेखी असल मान्छे बन्ने हाम्रो काम
श्री कमला आधारभूत विद्यालय नाम ॥

विद्यालय गई हामी खुरुखुरु पढ्ने
ज्ञान, गुण, सीप सिकी हामी अघि बढ्ने ॥


जातजाती भाषा धर्म सबै बराबरी
गुणस्तरीय शिक्षा दिने स्कुल सरकारी ॥

गुरुबा र गुरुआमा दिनु हुन्छ शिक्षा
यो देश असल मान्छे बन्ने मेरो इच्छा ॥

समाजमा ज्ञानको ज्योति छर्ने शिक्षालय
श्री कमला आधारभूत हाम्रो विद्यालय ॥

*कक्षा-४, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# चित्रकला



दिवस बिक
कक्षा-६, त्रिभुवन मावि, हेटौंडा-११

# विद्यार्थी परिचय



**विमर्श श्रेष्ठ**
**कक्षा-११**
**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट**

विमर्श श्रेष्ठ हेटौंडा स्कूल अफ म्यानेजमेन्टमा कक्षा ११ मा अध्ययनरत हुनुहुन्छ । विमर्श ११ कक्षामा विज्ञान संकाय अध्ययन गर्दै हुनुहुन्छ । उहाँको घर हेटौंडा-४, सिमाचोकमा रहेको छ । उहाँको घरमा हजुरबुबा, हजुरआमा, ममी, बाबा र उहाँ बस्नुहुन्छ । उहाँको ममी शिक्षक हुनुहुन्छ भने उहाँको बाबा व्यवसायी हुनुहुन्छ। हजुरबुबा-हजुरआमा घरमै बस्नुहुन्छ ।

उहाँले २०८१ सालको एसईई परीक्षामा नवोदय शिशु सदनबाट ४ जीपीए ल्याउनुभएको थियो । उहाँलाई एसईईमा ४ जीपीए ल्याउन शिक्षकहरूले धेरै सहयोग गर्नुभएको बताउनुहुन्छ । शिक्षकहरूले देखाएको सपनाबाट उहाँले ४ जीपिए हासिल गर्न सफल भएको बताउनुहुन्छ। उहाँ भविष्यमा इन्जिनियर बन्ने सपना देख्नुभएको छ । उहाँले इन्जिनियर बन्छु भन्दा ममी, बाबा दुवैजनाले साथ र सहयोग गर्नुभएको बताउनुहुन्छ । उहाँलाई बास्केटबल, क्रिकेट खेल्न एकदमै मनपर्छ ।

# मेरो देश



✍श्रीया बिडारी

मेरो देश, नेपाल तिमी,
संसारकै सुन्दर भूमि
हिमाल, पहाड, तराई मिलेर बनेको,
सदा शान्तिको सन्देश दिएको ॥

गौतम बुद्धको जन्मथलो,
वीर गोर्खालीको कर्मस्थल
सगरमाथाको देश भनी चिनिन्छौं,
सधैं हाम्रो मनमा बास गर्छौं ॥

बहुजातीय, बहुभाषिक समाज,
सबै मिलेर बसेको छ आज,
विविधतामा एकता हाम्रो पहिचान,
यसैमा छ हाम्रो गौरब, हाम्रो शान ॥

*कक्षा-५, रेड रोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६*

# संगीतले गर्छ...

बरदान साबित भएको छ । लामो समयसम्म संगीत सिक्ने वा गाउने गर्दा दिमागका नसाहरू बीचको सम्बन्ध बलियो हुन्छ। हामी बुढो हुँदै जाँदा यसले हाम्रो दिमागलाई बुढो हुन दिँदैन ।

किनकि संगीतको अनुभवले हाम्रो दिमागको ठूलो हिस्सा ओगट्छ। त्यसैले बोल्न नसक्ने अवस्थामा पुगेका बिरामीहरुले पनि संगीत सुनेर प्रतिक्रिया दिन सक्छन्।

**जीवनमा संगीतलाई कसरी उपयोग गर्ने ?**

संगीतको फाइदा युवाहरूलाई पनि उत्तिकै हुन्छ। डेनमार्ककी प्रोफेसर अन्ना जामोरानाले गरेको एक अनुसन्धानका अनुसार संगीत सिक्ने मानिसहरूले शारीरिक पीडा कम महसुस गर्छन् ।

उदाहरणका लागि, संगीतकारहरूले अप्ठ्यारा धुन सिक्नका लागि दुख गर्दा उनीहरूलाई शारीरिक थकान/पीडाको त्यति महसुस हुँदैन । किनकि उनीहरूको दिमागले एक किसिमको सफलता र आनन्दको महसुस गरिरहेको हुन्छ ।

जामोरानाका अनुसार दिनमा ३० देखि ४५ मिनेट कुनै बाजा बजाउनु वा संगीत अभ्यास गर्नु स्वास्थ्यका लागि शारीरिक व्यायाम गरे जस्तै हुन्छ ।

**सामूहिक गायन अझ राम्रो**

एक्लै संगीत सुन्नु भन्दा अरूसँग मिलेर गाउनु अझ लाभदायक हुन्छ । समूहमा गाउँदा हाम्रो दिमागमा डोपामाइन र इन्डोर्फिन जस्ता रसायनहरु निस्किरहेका हुन्छन् । यसले हामीलाई समूहमा सुरक्षित र सम्मानित गराइरहन्छ ।

त्यस्तै समूहमा गाउँदा एकअर्कासँग घुलमिल पनि सहज र छिटो हुन्छ। यसले सम्बन्धलाई त बलियो बनाउँछ नै, सँगै त्यसले हामीलाई एउटा छुट्टै र सुन्दर संसारमा लैजान्छ। *(स्रोत: अनलाईनखबर)*

# चण्डिका माविको ४७ औँ वार्षिक उत्सव सम्पन्न



समाज संवाददाता

हेटौँडाः मकवानपुरगढी गाउँपालिका-२, शिखरकटेरीस्थित चण्डिका माध्यमिक विद्यालयले तीन दिवसीय खेलकुद कार्यक्रमको आयोजना गरी ४७ औँ वार्षिक उत्सव सम्पन्न गरेको छ । सोमबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजकुमार लामा गोलेको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानको प्रमुख आतिथ्यमा कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक कमल फुयालले जानकारी दिनुभयो ।

विद्यालयले वार्षिक उत्सवको अवसरमा एक कक्षादेखि १२ कक्षासम्मका विद्यार्थीहरुलाई विविध खेलकुद कार्यक्रमको आयोजना गरेको थियो । विद्यालयले नर्सरी र केजी कक्षाका विद्यार्थीहरूका लागि बेलुन फुटाई, १-२ कक्षाका लागि चकलेट दौड, तीन कक्षाका लागि चम्चा दौड, चार कक्षाका लागि सियोधागो दौड, पाँच कक्षाका लागि म्युजिकल चेयर प्रतियोगिता गरेको हो । यस्तै, ६ देखि ८ कक्षाका विद्यार्थीका लागि बेलुन डान्स र ९ देखि १२ कक्षासम्मका विद्यार्थीहरूलाई भलिबल प्रतियोगिताको आयोजना गरेको थियो । प्रतियोगितामा प्रथम द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

वार्षिक उत्सवको अवसरमा विद्यार्थीले गायन तथा नृत्यसमेत प्रस्तुत गरेका थिए । सोही अवसरमा कक्षा १ देखि १२ सम्म २०८१ सालको परीक्षामा कक्षागत प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो। विद्यालयका सबै शिक्षक र कर्मचारीलाई सम्मानपत्र प्रदान गरिएको थियो । कार्यक्रममा प्रधानाध्यापक फुयालले विद्यालयको प्रतिवेदन पेश गर्नुभएको थियो ।

विद्यालयलाई शैक्षिक उन्नयनका लागि सहयोग उपलब्ध गराउने व्यक्ति तथा संस्थालाई विद्यालयले सम्मानपत्रसहित सम्मान गरेको छ । विद्यालयलाई बस सञ्चालनका लागि विद्यालयका पूर्वप्रधानाध्यापक दाशरथी उपाध्यायले ४१ हजार, महिला आवाज सहकारीले २२ हजार ५ सय, श्रमिक दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले १५ हजार ५ सय, महाकाली दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले १५ हजार र चुच्चेखोला सामुदायिक वन उपभोक्ता समूहले १५ हजार रुपैयाँ प्रदान गरेको छ । शिवम सिमेन्ट लिमिटेड, मोडर्न इन्फ्रास्ट्रक्चर प्रालिले २ सय लिटर तेल र नियमित सहयोग गर्ने बताएको प्रधानाध्यापक फुयालले जानकारी दिनुभयो । प्राप्त नगद विद्यालयले बस सञ्चालनको लागि प्रयोग गर्ने उहाँको भनाइ छ ।

कार्यक्रममा गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाखिन, प्रमुख प्रशासकीय अधिकृत सुदन लामिछाने, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख रामबहादुर घलान, १ नम्बर वडा अध्यक्ष तथा सामाजिक विकास समितिका अध्यक्ष आइत सिंह लो र २ नम्बर वडा अध्यक्ष बखान सिंह पाख्रिनको विशिष्ट आतिथ्य रहेको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ४०६ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

# कृष्ण आदर्शको खेलकुद सप्ताह सम्पन्न



समाज संवाददाता

हेटौंडा : हेटौंडा-९ स्थित श्रीकृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कुलको खेलकुद सप्ताह सम्पन्न भएको छ । प्राथमिक र माध्यमिक तहमा फागुन ८ गतेदेखि छुट्टाछुट्टै सञ्चालन गरिएको कार्यक्रम मंगलबार विजयी विद्यार्थीहरुलाई मेडल, प्रमाणपत्र तथा शिल्ड वितरण गरेर समापन गरिएको हो ।

हेटौँडा औद्योगिक क्षेत्रस्थित खेलमैदानमा विभिन्न कक्षाका विद्यार्थीहरुको आकर्षक मार्चपास ड्रिल प्रस्तुतीबाट सुरु भएको कार्यक्रमको मंगलबार विभिन्न विधाका खेलकुदमा सहभागी भई प्रथम, द्वितीय र तृतीय भएका १६९ जना विद्यार्थीहरुलाई मेडल, प्रमाणपत्र र शिल्ड प्रदान गरेर समापन गरिएको हो ।

खेलकुद सप्ताहमा एथ्लेटिक्स, दौड प्रतियोगिता, भलिबल, तेक्वाण्डो, बुद्धिचाल, डोरी तान्ने खेल समावेश थियो भने चित्रकला, कविता, निबन्ध, हस्तलेखन र प्राथमिक तहका विभिन्न प्रतियोगितात्मक खेलहरु संचालन भएको कार्यक्रमका संयोजक अविन राना मगरले जानकारी दिनुभयो। संयोजक रानाका अनुसार खेलकुद अवधिभर उत्कृष्ट प्रदर्शन गर्दै छात्रातर्फ प्रीति यादवले ४ वटा स्वर्ण पदक जित्दै 'बेस्ट प्लेयर अफ द इयर' को ट्रफी प्राप्त गर्नुभयो । जयन आले मगरले ३ वटा स्वर्ण पदक जित्दै सोही उपाधि हात पार्नुभयो । त्यसैगरी कक्षा ५ ले सबैभन्दा बढी मेडल जित्दै विद्यालयको रनिङ शिल्ड ट्रफी उचालेको उहाँले बताउनुभयो ।

खेलकुद सप्ताह कार्यक्रमका संयोजक अविन राना मगरको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा विधालयका सहायक प्रिन्सिपल दिपा थापा र शिक्षा संयोजक अशोक सारु मगर, प्रशासन प्रमुख सुदेस्ना सिग्देल, महेश रेग्मी, मदन श्रेष्ठ, दुर्गा कार्की, अनिता कार्की लगायतको आतिथ्य रहेको थियो। विद्यालयले यस्ता कार्यक्रमले विद्यार्थीमा अनुशासन, नेतृत्व क्षमता र स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुने विश्वास व्यक्त गरेको छ ।

# निर्वाचन बिथोल्न १२ समूह सक्रिय, निगरानीमा राजावादीदेखि समाजवादीसम्म

काठमाडौंः 'चुनाव बहिष्कार पनि एक प्रकारको सजिलो व्यवसायजस्तो भएको छ। जनतामा जानु नपर्ने, संगठन बनाउनु नपर्ने, तर दुई-चार जना मिलेर बहिष्कार को हल्ला फिँजाउने र चन्दाका नाममा असुली गर्ने प्रवृत्ति देखिएको छ ।'

९ फागुनमा बुटवल पुगेर प्रधानमन्त्री सुशीला कार्कीले चुनाव बहिष्कार समूहमाथि गम्भीर आरोप लगाउँदै बहिष्कार गर्नेलाई चन्दासँग जोडिन् । संगठन नभएकाहरू आफ्नो पार्टीको अस्तित्व राख्न र यही मौकामा आर्थिक उपार्जनमा लाग्ने भएकाले चुनाव बहिष्कार एउटा अवसरजस्तो भएको संकेत उनले गरिन् ।

चुनाव बिथोल्न सक्ने समूहको निगरानी गर्दै सुरक्षा व्यवस्था मिलाउन प्रधानमन्त्री कार्कीले सुरक्षा निकायलाई निर्देशन दिइन् । प्रधानमन्त्री कार्कीले निर्देशन दिएजस्तै सुरक्षा निकायहरूले पनि चुनाव बिथोल्ने समूहहरूको निगरानी गरिरहेको बताएको छ ।

सुरक्षा स्रोतका अनुसार अहिले विभिन्न १२ वटा समूह चुनाव बहिष्कारमा लागेका छन् । १२ समूहबाट निर्वाचनमा सुरक्षा थ्रेट हुनसक्ने सुरक्षा निकायले विश्लेषण गरेका छन्। कम्युनिस्ट पार्टीदेखि राजावादीसम्मबाट सुरक्षा चुनौती हुनसक्ने प्रहरीको विश्लेषण छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं समूहदेखि अन्य राजावादी समूह र विभिन्न पार्टीहरुबाट चुनावी सुरक्षामा चुनौती हुनसक्ने बताइएको छ । अहिले प्रसाईं भने जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा छन्। प्रसाईंकै समूहको पीडीएफ (पब्लिक डिफेन्स फोर्स) र एटीएफ (एनी टाइम फोर्स)लाई पनि चुनाव बिथोल्न सक्ने समूहमा राखिएको छ ।

त्यस्तै, पूर्वराजा ज्ञानेन्द्र शाहले चुनाव बिथोल्ने प्रकृतिको अभिव्यक्ति दिएपछि उनी निकट समूहलाई पनि प्रहरीले निगरानीमा राखेको छ। प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा भिडियो सन्देश जारी गर्दै ज्ञानेन्द्रले राष्ट्रिय सहमति र समझदारीमा जोड दिएका थिए। शाहले अहिलेको निर्वाचनले निकास नभई द्वन्द्व, अशान्ति र खिचातानी ल्याउन सक्नेसमेत दाबी गरेका थिए । त्यसपछि शाह निकट समूह शाही युवा शक्ति नेपाललाई निर्वाचन बिथोल्न सक्ने समूहमा राखिएको छ। यो समूहका पशुपति खड्कादेखि सन्तोष राजावादीसम्म सुरक्षा संयन्त्रको निगरानीमा छन् ।

त्यसैगरी, सीपी गजुरेल नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी, धर्मेन्द्र बाँस्तोला नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी बहुमत पनि चुनाव बिथोल्न सक्ने समूहमा छन् । सीपी गजुरेलले बिना कारण चुनाव गर्न लागिएकाले यसको औचित्य नै नभएको बताएका छन्। 'चुनाव हुन नियमित रूपमा समय पुगेको हुनुपर्‍यो । २ वर्ष बाँकी नै थियो । किन अघि नै चुनाव गर्ने निर्णय भयो । चुनावको माग कसले गरेको छ ? साम्राज्यवादीहरूलाई अहिले चुनाव चाहिएको छ । वैधानिकता हासिल गर्न एउटा कठपुतलीलाई ल्याएर चुनाव गर्न लागेका छन् । त्यसैले हामीले त्यसको बहिष्कार गर्नुपर्छ,' गजुरेलको तर्क छ ।

यता, ५ फागुनमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले चुनाव बहिष्कारमा लागेका नेकपा बहुमत पार्टीका महासचिव धर्मेन्द्र बाँस्तोलालाई पक्राउ गरेको छ। उनीसहित यो समूहका चार जना अहिले पनि हिरासतमा छन् । त्यसैगरी, विश्वभक्त दुलाल नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, महेन्द्र मल्लको नेकपा जनपक्ष, ऋषिराम कट्टेलको नेपाल कम्युनिस्ट पार्टी, समाजवादी कम्युनिस्ट पार्टी नेपालको एउटा समूह, पहिचानवादी समूह, मंगोल नेसनल अर्गनाइजेसन र रोहिंग्या अर्थात् शरणार्थीहरूलाई पनि निर्वाचनमा चुनौती हुनसक्ने समूहमा राखिएको छ ।

रोहिंग्यालाई भने कसैले निर्वाचन बिथोल्न प्रयोग गर्नसक्ने भएकाले निगरानीमा राखिएको एक सुरक्षा अधिकारी बताउँछन्। 'उनीहरूको पहिचान शरणार्थीबाहेक केही छैन । कसैले सहजै प्रयोग गर्नसक्ने उच्च जोखिम भएकाले रोहिंग्यामाथि पनि निगरानी आवश्यक छ,' ती सुरक्षा अधिकारी भन्छन् ।

पछिल्लो चार महिनादेखि प्रहरीले निर्वाचन बिथोल्न सक्ने समूह, तिनले पार्न सक्ने प्रभाव, उनीहरुको शक्ति, सांगठनिक हैसियत र सम्भावित सुरक्षा चुनौतीको मसिनो रुपमा विश्लेषण गरेको दाबी गर्दै आएको छ । अहिले नेपाल प्रहरीले कार्य विभागका एसएसपी दयानिधि ज्ञवालीको कमान्डमा निर्वाचन सुरक्षा विश्लेषण महाशाखा गठन गरेर काम गरिरहेको छ। यो महाशाखाले देशभरका प्रहरी चौकीदेखि इलाका, जिल्ला प्रहरी कार्यालयहरूदेखि प्रदेश प्रहरी कार्यालयहरूसम्मबाट रिपोर्टिङ लिएर सुरक्षा विश्लेषण गर्दै सोहीअनुसार रणनीति बनाएको छ ।

सुरक्षा चुनौतीको विश्लेषण गरेपछि देखिने सम्भावित सुरक्षा चुनौतीका बारेमा सम्बन्धित क्षेत्रका प्रहरी युनिटलाई जानकारी गराएर सोहीअनुसार सुरक्षा रणनीति बनाएर काम गर्न भनिएको छ । निर्वाचन बिथोल्ने समूहका सदस्यहरूलाई पक्राउ गरेर कानुनी दायरामा समेत ल्याइएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा डीआईजी अबिनारायण काफ्ले बताउँछन् । प्रवक्ता काफ्लेका अनुसार निर्वाचन बिथोल्न खोजेको आरोपमा अहिले १६ जना हिरासतमा छन् । नियन्त्रणमा लिइएका २६ जनालाई भने छाडिएको छ ।

## २०७० देखि चुनाव बहिष्कार गर्ने समूह

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा मात्रै नभएर यस अघिका निर्वाचनहरु पनि विभिन्न समूहहरुले बहिष्कार गर्दै आएका छन् । २०७० मा भएको दोस्रो संविधानसभा निर्वाचनमा मुख्यगरी क्रान्तिकारी नेकपा माओवादी (मोहन वैद्य समूह), नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, ऋषिराम कट्टेलको नेकपाले बहिष्कार गरेका थिए ।

२०७४ को प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा पनि यो समूह सक्रिय थियो । २०७६ मा भएको उपनिर्वाचनमा पनि उनीहरुले बहिष्कार लाई निरन्तरता दिए । २०७९ को निर्वाचनमा भने क्रान्तिकारी नेपाल कम्युनिस्ट पार्टी (सीपी गजुरेल समूह), नेकपा बहुमत (धमेन्द्र बाँस्तोला समूह), नेकपा (विप्लव समूह) नेकपा मसालले पनि चुनाव बहिष्कार गरे ।

२०८१ को उपनिर्वाचन पनि यही समूहले बहिष्कार गरेको थियो । यसरी निरन्तर बहिष्कार गर्दै आएकामध्ये विप्लवको पार्टी भने अहिले बहिष्कार छाडेर चुनावमा होमिएको छ। चुनाव बहिष्कार उनीहरूको विचार र अस्तित्वको कुरा जोडिए पनि यसले बिथोल्नै सक्ने हैसियत नराख्ने सुरक्षा निकायको बुझाइ छ ।

*(स्रोतः अनलाइनखबर)*

## सूचना !! सूचना !! सूचना !!

Biometric Verification गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको च.नं. ३६०३ को मिति २०८२/१०/२५ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुले नयाँ निवेदन दर्ता तथा नवीकरण गर्दा Biometric verification गरेकोमा विविध कारणले Biometric verification नभएका सम्पूर्ण लाभग्राहीहरुको Biometric verification फागुन १ गते देखि १५ गतेसम्म गर्नुपर्ने भएको र फागुन १५ गतेभित्र Biometric verification नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुनाले यथाशिघ्र यस वडा कार्यालयमा सम्पर्क राखी Biometric verification गर्न गराउन हुनका साथै सो अवधिमा Biometric verification नगरेमा सामाजिक सुरक्षा भत्ता नपाईने हुँदा सो को जिम्मेवारी सोही लाभग्राही रहने व्यहोरा निर्देशनअनुसार जानकारीका लागि यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गराईन्छ ।

९ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका मकवानपुर
बागमती प्रदेश, नेपाल


## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



## फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं ।

- जेन–जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रुपमा संचालन गरेको छ ।
- फरार कैदीबन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउँनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।।

नेपाल सरकार
विज्ञापन बोर्ड


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ